जि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४० म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३८ अंक ३७ २०७७ साल असार ७ गते आइतवार (21 June 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : युवा तथा काँग्रेसद्वारा ... पृष्ठ ३ मा : बेचिएका र बन्धकमा ... पृष्ठ ५ मा : पाँच प्रसुती गृहहरुमा ... पृष्ठ ५ मा : भारतमा सङ्क्रमितको ...

# क्वारेन्टाइनबाट एक गर्भवती यूवती भागिन्, संक्रमणको जोखिम बढ्दै



राजविराजस्थित राजदेवी माविको क्वारेन्टाइन । *तस्बिर : नवीन साप्ताहिक*

**राजविराज**/राजविराजस्थित राजदेवी माविको क्वारेन्टाइनमा रहेकी एक १६ वर्षिया यूवती पिसिआर परिक्षण रिपोर्ट नआउँदै भागेकी छिन् ।

बिहीबार मध्यरात क्वारेन्टाइनबाट भागेकी उनी दुई महिनाको गर्भवती समेत रहेको उक्त क्वारेन्टाईनका इन्चार्ज एवं स्वास्थ्यकर्मी हरिवंश यादवले जानकारी दिएका छन् ।

शुक्रबार बिहान क्वारेन्टाईनमा बसेकाहरुको गणना गर्ने क्रममा उनी फरार रहेको खुलेको उनको भनाई छ । गर्भवति भएकाले उनलाई छुट्टै कोठामा एक्लै राखिएको थियो । एक्लै भएकाले ढोका खोली रातीको समयमा विद्यालयको पछाडीपटी रहेको पर्खाल नाघेर भागेको हुन सक्ने अनुमान गरिएको छ ।

परिवारिक श्रोतका अनुसार गत माघ १३ गते सीमावर्ती भारतको कमलपुर ग्राम पंचायतका एक यूवासँग भागेर उनी दिल्ली गएको र जेठ २५ गते उनी एक्लै घर फर्केकी थिइन् । सोही दिन उनलाई क्वारेन्टाइनमा लगिएको थियो ।

यसरी क्वारेन्टाइनबाट भागेकाहरु समुदायको सम्पर्कमा आउँदा जोखि झनै बढ्ने भन्दै स्थानियले चिन्ता व्यक्त गरिरहेका छन् ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तिलक भारतीले भागेको यूवतीको माइत र अन्य

*बाँकी अन्तिम पृष्ठमा*

# नेपालमा ८ हजार ६ सय ५ कोराना संक्रमित, सप्तरीमा १ सय ५४

**राजविराज**/नेपालमा शनिबार साँझसम्ममा कोरोना संक्रमितको संख्या ८ हजार ६ सय ५ पुगेको छ । जस मध्ये २२ जनाको मृत्यु भएको छ भने १ हजार ५ सय ७८ जना डिस्चार्ज भएका छन् ।

यता सप्तरी जिल्लामा भने शुक्रबार एक बालक, एक महिला र दुई पुरुषसहित चारजनामा कोरोना संक्रमणको पुष्टि भएको छ । यससँगै सप्तरीमा कोरोना संक्रमितको संख्या १ सय ५४ पुगेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकी ५० बर्षिय महिला, सोही नगरपालिकाको ११ बर्षिय बालक र १६ बर्षिय किशोर तथा ४०

*बाँकी पाँच पृष्ठमा*





# सूचना

**नोभल कोरोना भाईरस (कोभिड१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

# कोरोनाबाट बचौं र बचाऔं

अहिले नेपालमा कोरोना भाइरसको संक्रमितहरु दिनहुँ बढ्दै गएको छ । विगत भन्दा अहिले संक्रमितको संख्या निकै बढ्दै गएको हो । विभिन्न मुलुकबाट आउने नेपालीहरुमा संक्रमण बढेको देखिन्छ । ती व्यक्तिहरुलाई हाल १४ दिने क्वारेन्टाइनमा राख्ने गरिन्छ । क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको १० दिनपछि स्वाब संकलन गरि पिसिआर परिक्षणका लागि पठाइने गरिन्छ । सो परिक्षणबाट पोजेटिभ आउने व्यक्तिलाई उपचारका लागि आइसोलेशनमा केन्द्र पठाइन्छ भने नेगेटिभ रिपोर्ट आउने व्यक्तिलाई घर पठाइन्छ ।

यसरी कोरोनाको हालसम्म औषधी पत्ता नलागेको खण्डमा आइसोलेशनमा गएका व्यक्तिलाई स्वास्थयकर्मीको निगरानीमा राखिन्छ । सो आइसोलेशनमा पौष्टिक खानेकुरा दिइन्छ । र केही दिनपछि पुनः स्वास्थ्य परिक्षणका लागि स्वाब संकलन गरिन्छ । यो प्रक्रिया कोरोना लागेका व्यक्तिहरुका लागि गरिने एउटा विधि हो ।

तसर्थ कोरोनाको औषधी पत्ता नलागेको खण्डमा सम्पूर्ण व्यक्तिले पौष्टिक, तातो खानेकुरा, साबुन पानीले हात धुने, मास्क लगाउनु, सामाजिक दुरी अपनाउने लगायतका दैनिक क्रियाकलाप गरे मात्र कोरोना रोगबाट बच्न र अरुलाई बचाउन सकिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# युवा तथा काँग्रेसद्वारा सरकारबिरुद्ध प्रदर्शन



**राजविराज**/सप्तरीका यूवाहरुले अव्यवस्थित क्वारेन्टाइनका कारण विभिन्न घटना हुन थालेको भन्दै बुधबार राजविराजमा प्रदर्शन गरेका छन् ।

उनीहरुले कोरोना भाइरस महामारी बिरुद्ध सरकारको प्रयास समेत कमजोर रहेको आरोप समेत लगाएका छन् ।

यूवाहरुले विभिन्न नारासहित प्लेकार्ड बोकेर प्रदर्शन गरे । उनीहरुले नयाँ नक्साका लागि सरकारलाई धन्यवाद दिँदै अब द्रुत गतिमा अघि बढाऊ पिसिआर, मापदण्ड विपरीतका क्वारेन्टाइन बन्द गर्न माँग समेत गरेका छन् ।

प्रदर्शनमा सहभागिहरुले कोरोना भाइरस महामारी राकेथाम तथा नियन्त्रणमा ध्यान नदिई सरकार भ्रष्टचारमा लिप्त रहेको तथा मापदण्ड विपरीतका क्वारेन्टाइन निर्माणका कारण क्वारेन्टाइन नै संक्रमण बढाउने र अपराधको कारखाना बन्दै गएको बताए ।

उनीहरुले सुस्त गतिमा भइरहेको पिसिआर परिक्षणमा तिब्रता दिनु पर्ने तथा कोरोना जोखिम नियन्त्रणका लागि खडा गरिएको कोषबाट भएको सम्पूर्ण आम्दानी र खर्च विवरण सार्वजनिक गर्नुपर्ने माँग समेत गरेका छन् ।

यसको अघिल्लो दिन नेपाली काँग्रेस सप्तरीले मापदण्ड विपरीतका क्वारेन्टाइन संचालनमा रहेको, पिसिआर परिक्षण सुस्त गतिमा भइरहेको तथा विपन्न नागरिक भोकभोकै बस्न बाध्य भएको लगायतका विभिन्न माँगसहित मंगलबार प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र पठाएको थियो ।



राजविराजस्थित पार्टी कार्यालयबाट काँग्रेस सभापति दिनेश कुमार यादवको नेतृत्वमा निस्केको जुलुस बजार परिक्रमा पश्चात् प्रमुख जिल्ला अधिकारी शंकर आचार्यमार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएको हो ।

सभापति यादवले जनताको सरोकार र आवश्यकताको विषयलाई सम्बोधन गराउन तत्काल चाल्नु पर्ने कदमका सम्बन्धमा प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउन पत्र बुझाएको बताए ।

# प्रधानमन्त्रीलाई इम्युनिटि बढाउन अदुवा, लहसुन र बेसार उपहार

**राजविराज**/सप्तरीका महिलाहरुको एक समूहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई इम्युनिटि बढाउन अदुवा, लहसुन र बेसार उपहार पठाएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत उनीहरुले प्रधानमन्त्री ओलीलाई सो उपहार पठाएका हुन् ।

प्रधानमन्त्री ओलीले कोरोना भाइरसबाट जोगिन जनतालाई इम्युनिटि बढाउन अदुवा, लहसुन र बेसार खान प्रेरित गरेको भन्दै उनलाई उपहार पठाइएको महिला नेतृ सुनिता साहले बताइन् ।

ती बस्तुले इम्युनिटि पावर बढ्ने हो भन्दै प्रधानमन्त्रीको इम्युनिटि बढाउन उपहार स्वरुप ती बस्तुहरु पठाइएको उनले बताइन ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# बेचिएका र बन्धकमा परेका बालबालिकाको अवस्था



**राकेश प्रसाद चौधरी**

कोभिड-१९ सँग जोगिन शुरू गरिएको लकडाउनले करकाप, लोभलालच, पैसाकै लागि भारतीय बजारमा निकृष्ट श्रममा गएका एवं पठाइएका बालकहरू स्वदेश फर्किन थालेका छन् ।

सडक संजाल र सीमानाका बन्द नहुँन्जेलसम्म प्रदेश २ को विभिन्न जिल्लाबाट भारतीय बजारमा निकृष्ट श्रम गराउने गिरोह सकिय थिए । अहिले कोभिड१९ बाट जोगिन बन्धकमा रहेका, बेचिएका र ठगिएका बालकहरू पनि घर फिर्ती हुन थालेका छन् ।

निकृष्ट श्रममा लगाउनेहरूको कारोबार ठप्प भएको र भाइरसले ज्यान समेत लिन थालेपछि दिल्ली, मुम्बई, चेन्नईसहितका शहरमा रहेका बालकहरू पैदल नै स्वदेश फिर्ती गर्दा कसैले रोकेनन् ।

विद्यालयमा अध्ययनरत रहेकै बेला तस्कर गिरोहको नजरमा परेका यी बालकहरू भारतीय बजारमा पु¥याउन उनका अभिभावकलाई शुरूमै १० हजार भारतीय रूपैयासम्म दिने गरेका थिए । लकडाउनको बेला १२ बर्ष जलेश्वरकै गोपाल पासवानको छोरा मुम्बईबाट घर फर्के ।

विद्यालयमा पढाई गरिरहेका ती बालकलाई उनका अभिभावकले प्रलोभनमा परेर मुम्बई पठाएका थिए । मुम्बईमा ती बालक बन्धकमा परेर निकृष्ट श्रम गर्दै जवान भइसके । लकडाउन नभएको भए आफ्नो अभिभावक हेर्ने सपना अधुरै रह्ने ती युवाले बताए ।

अहिले प्रदेश २ को हरेक गाउँको दलित बस्तीहरूमा यस्तै कथाहरू छन् । विपन्नता हटाउन छोरालाई पैसा कमाउन जानी जानी ती तस्कर गिरोहको जिम्मा लगाएका अभिभावकहरूको चेत बल्ल खुलेको अधिकारकर्मी प्रमोद सदाले बताए ।

पैसा कमाउन शुरूमै पाँच दश हजार भारतीय रूपैया लिएर तस्करको जिम्मा लगाएका अभिभावकमध्ये केहीले दुई तीन बर्षपछि प्रहरी चौकीहरूमा दिल्ली, मुम्बईलगायतका शहरमा आफ्नो छोरा बन्धक रहेको तथा बेचिएका गुनाँसाहरू गर्ने गरेका थिए ।

प्रदेश नम्बर २ का विभिन्न जिल्लाका बालकहरूलाई भारतबाट उद्धार गर्ने कम लकडाउन अगाडिसम्म विभिन्न संस्थाहरूले जारी नै राखेका थिए । अधिकारकर्मी गुन्जा रायले भारतमा तस्करी भएका बालकहरूको तथ्यांक र कतिजना उद्धार भए भन्ने तथ्यांक पाउन नै ग्राहो रहेको बताए ।

लकडाउनको बेला भारतीय निकृष्ट श्रमबजार कोभिड१९बाट जोगिन स्वेदश फर्केकाहरूको यकिन तथ्यांक कुनै निकायसँग छैन । जसरी ती बालकहरू तस्करी भएर भारतीय बजारमा पुगेका थिए, त्यसरी नै ती बालकहरू रातको अध्याँरोमा सीमानाकाबाट लुकेर घर फर्केका मानवअधिकारकर्मी मदन झाले बताए ।

उनले प्रदेश २ मा भारतबाट कति संख्यामा मानिस नेपाल आए भन्ने तथ्यांक नै नरहेको समयमा बालश्रमिकहरू कति स्वेदश फर्के भन्ने खोज्नु बहुत कठिन कार्य रहेको बताए ।

अभिभावकबाट ठगेर तस्करी गरि प्रदेश नम्बर २ बाट बर्षभरिमा ८ देखि १६ बर्ष समूहका बालकहरूको तथ्यांकको खोजी गर्ने कार्य अझैसम्म हुन सकेको छैन । यस प्रदेशका बालकहरूमा समेत विद्यालय र कक्षा छोड्ने प्रबृति रहेपनि यसतर्फ सरकारको ध्यान जान सकेको छैन ।

सिरहाका पत्रकार रामभरोसी महतोले दलित समूदायबाट धेरै बालकहरू विद्यालय छोडेर भारतको निकृष्ट श्रमबजारमा जाने गरेकोमा चित्त दुखाउँछन् । उनले यस समस्याको समाधानमा राज्यपक्ष संवेदनशिल नरहेको टिप्पणी गर्छन् ।

मानवअधिकार आयोगकी सदस्य मोहन अंसारीले बालकहरूको उद्धार तथा बालपन रक्षाको विषय लागि लामो समयदेखि उठान गर्दै आएकी छिन् तर समस्या समाधान तर्फ कुनै निकायको अग्रसरता देखिएको छैन ।

यसैबर्षको फरबरी अन्तिम साता मानव बेचबिखन अनुसन्धान ब्युरो, बबरमहलका प्रवक्ता एवं प्रहरी उपरीक्षक गोविन्द थपालिया तथा अन्य अधिकृतहरू कुरा गर्दा समेत बालकको विषयभन्दा भारतमा भइरहेको महिला बेचबिखनको विषयले महत्व पाउने गरेको बताएका थिए ।

बालकहरूको हकमा अभिभावकले पैसाको लोभमा तस्करको जिम्म लगाउने र केही समस्या परे प्रहरीमा बालको उद्धार गरिदिन निवेदन दिने गरेका छन् । बालक जिम्मा लगाउनेबिरूद्ध मानव बेचबिखनको निवेदन तथा जाहेरी अभिभावक पक्षहरू नआउने गरेका विषयले महत्व नपाएको उनीहरूको ठहर थियो ।

मानव बेचबिखन मुद्धामा अनुसन्धान अधिकृतले निरन्तर सुनुवाइको माग गर्न सकिने प्रावधान रहेपनि पीडकहरू पक्राउ नपरेसम्म न्यायिक सुनुवाइमा समेत समस्या आउने विभिन्न अध्ययनले देखाउँछ । मानव बेचबिखनकै विषयमा मानवअधिकार आयोगले समेत प्रतिवेदन निकाल्दै आएको छ ।

सन् २०१९ को अन्तिम तिर झापाको काकडभिट्टा र पर्साको बीरगंज नाकामा सोधपुछमा कडाई हुन थाल्दा प्रदेश २ का बालकहरूलाई तस्करहरूले सिरहा तथा महोत्तरीको नाकाबाट भारत विहारको जयनगर पुऱ्याउने र त्यहाँबाट दिल्ली, मुम्बइ र चेन्नइ पु¥याउने गरेको स्थलगत अध्ययनले देखाएको थियो ।

भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले सन् २०१८ मा नेपाल भारत सिमानाबाट हुने मानव तस्करी विषयमा गरेको अध्ययनअनुसार दलालले भारतीय सहरमा पुऱ्याउँदा बालबालिकाका लागि ६ हजार तथा महिलाका लागि ५० हजार भारतीय रूपैयाँ कमिसन पाउँछन् ।

दलालहरूलाई खासगरी दलित समुदायका बालबालिकालाई तारो बनाउन सहज भइरहेको देखिन्छ । किनभने दलित समुदायका बालबालिकाको विद्यालयमा पहुँच न्यून छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरका अनुसार देशभरमा दलित समुदायका २८ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । चिडिमार, मुसहर र डोम समुदायका त एक प्रतिशतभन्दा कम बालबालिका मात्र विद्यालय जान्छन् ।

भारतीय सीमा तथा सहरबाट उद्धार गरिएकामा ५० प्रतिशत १६ वर्षमुनिका हुन्छन् । गत वर्ष एसएसबीले गरेको अध्ययनअनुसार नेपालबाट सिमानाका भएर भारततर्फ मानव तस्करी हुने घटना ५ वर्षमा पाँच गुना बढेको छ ।

एसएसबीले सिमानाकाबाट उद्धार गरिएको आधारमा यो निष्कर्ष निकालेको हो । सन् २०१७ मा ६ सय ७ जनाको उद्धार गरेर बेचबिखनमा संलग्न १ सय ५४ जनामाथि मुद्दा चलाइयो । सन् २०१३ मा १ सय ८ जनाको उद्धार गरिएको थियो र १९ जनाविरूद्ध मुद्दा चलाइएको थियो ।

भारतको सशस्त्र सीमा बल (एसएसबी) ले आफ्नो वेबसाइटमा राखेको मानव तस्करी

***बाँकी चार पृष्ठमा***







# पचास हजार बोटबिरुवा निशुल्क बितरण

**राजविराज**/डिभिजन वन कार्यालय सप्तरीले विभिन्न जातका ५० हजार बिरुवा निशुल्क बितरण कार्यक्रम संचालनमा ल्याएको छ।

हरियाली प्रवर्द्धन र वन क्षेत्र बिस्तारका लागि नेपाल सरकारको राष्ट्रिय वृक्षारोपण अभियानमा सघाउँन सो बितरण कार्य गरिएको वन कार्यालयले जनाएको छ।

विभिन्न फलफुलका ५० हजार बिरुवा निशुल्क बितरण गर्ने लक्ष्य लिएर कार्यक्रम सुरु गरिएको डिभिजन वन कार्यालयले जनाएको छ।

बितरण भएका बिरुवाहरुमा आँप, लिच्चि, कागती, महगनी, टिक, खयर, धुपी जस्ता ३२ थरिका बिरुवा रहेको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सन्तोष कुमार झाले जानकारी दिएका छन्।

राजविराजका साथै जिल्लाको कंचनपुर, महुली, रुपनी, कल्याणपुर र दौलतपुरस्थित सवडिभिजन कार्यालय मार्फत पनि सामाजिक दुरी कायम गराउँदै निशुल्क बिरुवा बितरण कार्य भइरहेको उनले बताए।

यसका अतिरिक्त कदमाह, सितापुर, तिलाठी, पत्थरगाढा लगायतका स्थानमा रहेका नर्सरीबाट समेत इच्छुक कृषकलाई बिरुवा निशुल्क उपलब्ध गराउन थालिएको उनको भनाई छ।

वन क्षेत्र निकै कम रहेको जिल्लामा वन क्षेत्र विकास र बिस्तारका लागि वन अतिक्रमण नियन्त्रण, वृक्षारोपन, जिपिकोपार्जनका लागि वैकल्पिक कार्यक्रम र सामाजिक सशक्तिकरण लगायतका कार्यक्रम प्राथमिक्ताका साथ अघि बढाइएको वन कार्यालयले जनाएको छ।

# जबरजस्तीकरणी गर्ने पक्राउ

**राजविराज**/१५ वर्षिया युवतीलाई जबरजस्तीकरणी गरेको आरोपमा प्रहरीले एक ३७ वर्षिय युवकलाई पक्राउ गरेको छ।

सप्तरीको बोदेबरसाईन वडा नं. १ की ती यवतीलाई बि.स. २०७६ असार १८ गते राती जिल्लाको तिलाठी कोईलाडी गाउपालिका वार्ड नं. ७ मा रहेको श्री लक्ष्मीबल्लभ नरसिंह माध्यमिक विद्यालयको कम्पाउण्डमा जबरजस्तीकरणी भएको थियो।

सोही गाउँपालिका वडा नं. ७ बस्ने शिव शंकर मण्डलले जबरजस्तीकरणी गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार सो घटना पश्चात् मण्डल फरार रहेकोमा विशेष सुराकीको आधारमा जेठ ३२ गते आइतबार प्रहरीले पक्राउ गरेको हो।

पक्राउ परेका मण्डललाई जिल्ला अदालत सप्तरीबाट म्याद थप गराई जिल्ला प्रहरी कार्यालय सप्तरीले थप अनुसन्धानका गरिरहेको जनाएको छ।

# बहुविवाह मुद्दामा सात वर्षदेखी फरार प्रतिवादी पक्राउ

**राजविराज**/बहुविवाह मुद्दामा सात वर्षदेखी फरार एक प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

अदालतबाट कैद सजाय तोकी फरार रहेका सप्तरीको बोदेवसाइन नगरपालिका ९ बस्ने २७ वर्षिय विश्वनाथ साहलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरीका अनुसार २०७० साल माघ १२ गते सप्तरी जिल्ला अदालतबाट बहुविवाह मुद्दामा कैद सजाय तोकिएका साह कैद सजाय भुक्तान नगरि फरार भएका थिए।

उनी घरमै लुकी बसेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कडोरबोनाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### *बेचिएका र ...*

नियन्त्रणका लागि राखिएको दृष्टि पुस्तिकामा नेपालबाट बर्सेनि १० देखि १५ हजार महिला तथा बालिका भारतमा बिक्री हुने गरेको तथ्यांक राखिएको छ। जसमध्ये केही महिला तथा बालिकाहरू मध्यपूर्व तथा एसिया प्रशान्त क्षेत्रमा तस्करी हुने गरेको उल्लेख छ। यस पुस्तिकामा बालक तस्करीबारे खासै तथ्यांक उल्लेख छैन।

मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७६ अनुसार नेपालबाट ठूलो संख्यामा महिला तथा बालबालिका भारतमा बेचिन्छन्। यसमध्ये करिब २६ प्रतिशत प्रभावितहरू (१८ वर्षभन्दा कम उमेरका बालबालिका) यौनशोषणको सिकार हुने गरेका छन्।

मानवअधिकारकर्मी मदन झाले लकडाउनको मौकामा घर फिर्ती भएका बालकहरूको तथ्यांक संकलन गर्ने उचित समय रहेको बताए। बैध माध्यमबाट आएकाहरूसँग उनीहरू कसरी र के कामका लागि भारत पुगे भनेर जानकारी राख्दा उचित हुन्छ।

उनले अवैध माध्यमबाट घरसम्म पुगेकाहरूसँग समेत यस्तो सूचना दिने फर्म फराउँदा उचित हुने उनले बताए। हुनत: यो काम वडा कार्यालयले गराउँदा अत्यन्त प्रभावकारी हुने विचार अधिवक्ता विकरू यादवको छ। *(मधेश दर्पण फिचर सेवा)*

# सर्पदंशबाट दुईको मृत्यु, चार घाइते

**राजविराज**/सप्तरीमा सर्पको डसाईबाट दुई महिलाको मृत्यु भएको छ भने दुई महिलासहित चार जना सर्पको डसाईमा परि घाइते भएका छन्।

उनीहरु सबैको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बनरझुल्ला टोलकी १९ वर्षिया कंचनकुमारी रायको सर्पदंशबाट मृत्यु भएको थियो।

यस्तै सर्पले डसेर भर्ना भएकी राजविराज नगरपालिका ९ मलेठ की ४० वर्षिया सरस्वती मेहताको उपचारको क्रममा मृत्यु भएको हो।

यता सर्पले डसेर उपचारका लागि भर्ना हुनेहरुमा राजविराज नगरपालिका ११ की पुष्पा मण्डल, राजगढ गाउँपालिका ३ की प्रमिला यादव, डाक्नेश्वरी नगरपालिका ७ का रामकुमार मण्डल र अग्निसाइर कृष्णासवरण गाउँपालिका ३ का महिनारायण चौधरी छन्।

अस्पतालका मेडिकल सुरपरिटेन्डेन्ट डा. रन्जित झाले उनीहरुको अवस्था खतरामुक्त रहेको बताउँदै सर्पदंशको घटना ह्वातै बढेपछि अस्पतालमा एन्टी स्नेकभेनम नामक औषधी स्टक गरिएको जानकारी दिए।

# दुई वर्षे कार्यकाल सम्पन्न गरेका मेसु दासको सरुवा

**राजविराज**/राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपिरिटेन्डेन्ट डा. चुमनलाल दासको सरुवा भएको छ। उनको बिराटनगरस्थित कोशी अंचल अस्पतालमा सरुवा भएको हो।

दुई वर्षे कार्यकालमा अस्तव्यस्त र रेफरल सेन्टरको रुपमा रहेको गजेन्द्र नारायण सिंह अस्पताललाई व्यवस्थित र सेवा सुधारमा उल्लेख्निय योगदान दिएका छन्।

उनलाई बिदाई गर्न आयोजित कार्यक्रममा डा. दासले सप्तरीबाटै पेशाको सुरुवात गरेको स्मरण सुनाउँदै २ वर्षको अवधिमा सबै क्षेत्रबाट पाएको सहयोग र सद्भाव आफ्नो लागि अविश्मरणिय रहने बताए।

बिदाई कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा, जिल्ला उपाध्यक्ष श्यामसुन्दर यादव, बरिष्ट पत्रकार शिवहरि भट्टराई लगायतले आगामी कार्यकाल सफलताका लागि शुभकामना दिए।

डा. दासको सरुवा भएपछि उनको स्थानमा सोही अस्पतालका बरिष्ठ कन्सलटेन्ट फिजिसियन डा. रंजित झालाई उक्त जिम्मेवारी दिईएको छ।









# पाँच प्रसुती गृहहरुमा १२ लाख मुल्य बरावरको स्वास्थ्य सामग्री उपकरणहरु प्रदान

**राजविराज**/सबल नेपाल राजविराजले सप्तरीको सुरुङ्गा नगरपालिका र खडक नगरपालिकाको विभिन्न वडाहरुमा रहेका ५ प्रसुती गृहहरुमा १२ लाख मुल्य बरावरको स्वास्थ्य सामग्री उपकरणहरु प्रदान गरेको छ ।

सेभ द चिल्ड्रेनको सहयोगमा सबलले ती स्वास्थ्य सामग्री उपकरणहरु सम्बन्धीत नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतमार्फत हस्तान्तरण गरिएको हो ।

दुवै नगरपालिकामा संचालित समुन्नती परियोजना अर्न्तगत मातृत्व तथा नवजात शिशु कार्यक्रम अन्तर्गत प्रसुतीगृहमा स्वास्थ्यकर्मीहरुलाई प्रसुती गराउने कार्यमा सहयोग हुने उद्देश्यका साथ ती सामाग्रि प्रदान गरिएको सबल नेपालले जनाएको छ ।

सबल नेपाल सप्तरीले खडक नगरपालिकामा रहेका प्रार्थमिक स्वास्थ्य केन्द्र (प्रसुतीगृह) कल्याणपुर, खोजपुर र बनरझुला र सुरुङ्गा नगरपालिका अर्न्तगतका प्रार्थमिक स्वास्थ्य केन्द्र ( प्रसुतीगृह) कडरबोना र पिप्रापश्चिममा वेवीवार्मर, पि.पि.ई सेट, सेनिट्राईज ग्लोव, माक्स, गमवुट, के.एम.सी., र्‍यापर, रुम थर्मोमिटर, ग्यास सेट रुमहिटर, वेवी वेटिङ्ग मेसिन, आईभी स्टेन्ड, मेडिसिन ट्रली, वेवी व्याग, लगायतका प्रदान गरेको जनाइएको छ ।

करिब १२ लाख मुल्यबरावरको स्वास्थ्य उपकरणहरु नगर प्रमुख मुक्तिनाथ चौधरी, प्रमुख प्रशासकिय अधिकृत सहितका जिम्मेवार प्रतिनिधीहरुलाई हस्तारण गरेको सु.ना.पा.का भण्डार प्रमुख नायवसुब्बा टेक बहादुर खडकाले जानकारी दिएका छन् ।

# दुई सिफ्टमा कार्यालय संचालन हुँदै

**राजविराज**/कोरोना भाइरसका कारण विगत तीन महिनादेखी बन्द जस्तै रहेको सरकारी कार्यालयहरु असार १ गते सोमबारदेखी दुई सिफ्टमा संचालन हुने भएको छ ।

सरकारले कोरोना भाइरसको संक्रमणबाट बच्न गत चैत ११ गतेदेखी गरेको लकडाउनका कारण दैनिक जिवन निकै कष्ठकर बन्दै गएको अवस्थामा अतिआवश्यक कामसमेत प्रभावित बनेको छ ।

सोही बाध्यतालाई मध्यनजर गर्दै सरकारले असार १ गतेदेखी दैनिक रुपमा कार्यालयहरुलाई दुई सिफ्ट बिहान ८ बजेदेखी दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखी साँझ ६ बजेसम्म संचालन गर्न अनुमति दिएको हो ।

जसमा पहिलो सिफ्टमा नयाँ नागरिकता, अभिलेख, राहदानी र दोश्रो शिफ्टमा नागरिकता प्रतिलिपि, अभिलेख, मुद्दा (ठाडो उजुरीसमेत) लेखा र प्रशासन (सवारी पाससमेत) शाखाको कार्य संचालन हुने सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेद्वारा जारि सूचनामा उल्लेख छ ।

यस्तै कार्यालयमा भिडभाड हुन नदिन सेवाग्राहीसँग आग्रह गर्दै आवश्यक परे कोटा प्रणाली वा टोकन प्रणाली लागु गर्न सकिने जनाइएको छ ।

# अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आग्रह, राती १० देखी बिहान ५ बजेसम्म हिडडुलमा रोक

**राजविराज**/सरकारले अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन आमनागरिकलाई पुनः आग्रह गरेको छ। कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र ( सिसिएमसी) को शुक्रबार बसेको बैठकले बाहिर निस्किनुपर्दा अनिवार्य मास्क प्रयोग गर्न र अनावश्यक भीडभाड नगर्न तथा भौतिक दूरी कायम गर्न आग्रह गरेको छ ।

गृह मन्त्रालयले शुक्रबार ‘बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड २०७७’ जारि गर्दै अत्यावश्यक कामबाहेक राति १० बजेदेखि विहान ५ बजेसम्म हिँडडुलमा रोक लगाएको छ ।

गृह मन्त्रालयले असार १ गतेदेखि बन्दाबन्दीको अवस्था क्रमिक रुपमा खुकुलो भएको अवस्थामा सुरक्षा सतर्कता अपनाउनको लागि यस्तो मापदण्ड तयार पारिएको जनाएको छ ।

सोही मापदण्डले रातिको समयमा नागरिकलाई हिँडडुल गर्न कडाइ गर्ने व्यवस्था गरेको जनाएको छ । यता रातिको समयमा प्रहरीले भने अनुगमन गर्ने भनिएको छ ।

त्यस्तै, विवाह, ब्रतबन्ध, मृत्यु संस्कारलगायतका कार्यमा पनि १५ जनाभन्दा बढी आगन्तुक भेला हुन निषेध गरिएको छ । उत्पादनमूलक क्रियाकलाप, उद्योग, भौतिक पूर्वाधार तथा विकास निर्माण लगायतमा एक स्थानमा एक पटकमा १० जनाभन्दा बढी भेला हुन नपाइने पनि भनिएको छ ।


यस्तै बैठकले देशैभरका क्यारेन्टिनस्थललाई थप व्यवस्थित गर्दै लैजाने र त्यसको अनुगमन र सहजीकरणको काम प्रदेश सरकारले गर्ने, क्वारेन्टिनमा रहेकाको शीघ्र स्वास्थ्य परीक्षण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको राष्ट्रिय परीक्षण निर्देशिकाअनुसार गरेर त्यहाँ बसेको दुई हप्ताभित्र सक्ने निर्णय गरेको छ ।

## *नेपालमा ८ हजार ...*

बर्षिय पुरुषमा समेत कोरोना संक्रमण पुष्टि भएको हो ।

यसअघि सप्तरीमा ५७ जना कोरोनाबाट निको भइ घर फर्किएको गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रन्जित झाले जानकारी दिएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार देशभरका २४ वटा प्रयोगशालामा कोरोना परीक्षणका लागि संकलन गरिएका स्वाबहरुको परीक्षण भइरहेकको छ। अहिलेसम्म जम्मा १ लाख ६९ हजार १६५ पीसीआर टेष्ट भएको छ। यस्तै २ लाख ५२ हजार ३०० आरडीटी भएको छ। साथै हाल देशभरका क्वारेन्टिनमा १ लाख २ हजार २४५ जना छन् ।

अनुरोधकर्ता : चन्द्र शेखर चौधरी, अध्यक्ष
राजविराज नगरपालिका वडा नं. १


# अन्तर्राष्ट्रिय समाचार

## भारतमा सङ्क्रमितको सङ्ख्या तीन लाख ९६ हजारभन्दा बढी

**भारत**/भारत सरकार संघीय स्वास्थ्य मन्त्रालयका भारतमा शनिबारसम्म तीन लाख ९६ हजार १८२ जनालाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। भारतभर सङ्क्रमितमध्ये १२ हजार ९७० व्यक्तिको मृत्यु भएको छ ।

भारतमा निको भएर घर फर्किने सङ्क्रमितको सङ्ख्या दुई लाख १४ हजार २०९ रहेको छ। अझै उपचाररत सङ्क्रमितको सङ्ख्या एक लाख ६९ हजार तीन रहेको छ। एजेन्सी

## ब्राजिलमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या १० लाखभन्दा बढी

**ब्रासिलिया**/ब्राजिलमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या १० लाखभन्दा बढी पुगेको स्वास्थ्य मन्त्रालयले शनिबार जानकारी गराएको छ ।

मन्त्रालयका अनुसार विगत २४ घण्टामा ब्राजिलमा कोभिड-१९ सङ्क्रमण पुष्टि हुनेको सङ्ख्या ५४ हजार ७७१ पुगेको छ भने यो अवधिमा करिब एक हजार छ जनाको मृत्यु भएको छ ।

अहिलेसम्म ब्राजिलमा मृत्यु हुनेको सङ्ख्या ४८ हजार ९५४ पुगेको छ। ब्राजिलमा उपचारपछि निको हुने कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या पाँच लाख सात हजार करिब ५० प्रतिशत पुगेको मन्त्रालयले जानकारी गराएको छ। एजेन्सी

## अफगान सेनाको कारबाहीमा १७ जना तालिबानी लडाकाको मृत्यु

**काबुल**/अफगानिस्तानको सरकारी फौजले बिहीबार राति गरेको सैन्य कारबाहीमा कम्तीमा १७ जना तालिबानी लडाकाको मृत्यु हुनुका साथै २० जना घाइते भएका छन् ।

अफगान रक्षा मन्त्रालयले पाक्तिया प्रान्तको सरोजाई जिल्लामा गरिएको कारबाहीमा ती लडाका मारिएको जनाएको छ ।

उक्त आक्रमणका क्रममा अफगानिस्तानका एक सैनिक जवानको पनि मृत्यु भएको छ। रक्षा मन्त्रालयले सरकारी सेनातर्फ दुई जना सैनिक जवान घाइते भएको पनि जनाएको छ ।

अफगान सरकार र तालिबान समूहबीच वार्ताको तयारी भइरहे पनि दुबै पक्षबाट एकअर्का विरुद्ध घातक आक्रमण हुनेक्रम रोकिएको छैन। एजेन्सी

## भारतीय सैनिक नियन्त्रणमा छैनन् : चिनियाँ विदेश मन्त्रालय

**बेइजिङ**/चिनियाँ विदेश मन्त्रालयले पूर्वीलद्दाख क्षेत्रको गलवान उपत्यकामा भारतीय सेनासँग भएको झडपका क्रममा हराएका भनिएका कुनै पनि भारतीय सैनिक चिनियाँ सेनाको नियन्त्रणमा नरहेको बताएको छ ।

विदेश मन्त्रालयका प्रवक्ता झाओ लिजिआनले शुक्रबार चीन-भारत सीमाका बारेमा सोधिएको प्रश्नको जवाफमा भन्नुभयो, “चीनले कुनै पनि भारतीय सेनालाई नियन्त्रणमा लिएको छैन ।”

गत बिहीबार भारतीय विदेश मन्त्रालयले पनि गलवान उपत्यकामा चिनियाँ सेनासँगको भिडन्तमा कुनै भारतीय सेना बेपत्ता नभएको स्पष्ट गरेको थियो ।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले साप्ताहिक ब्रिफिङका क्रममा गलवान उपत्यकामा भारतीय सैनिकहरु बेपत्ता नभएको बताउनुभएको छ। साथै भारतीय सेनासमेतले सबै भारतीय सैनिक सम्पर्कमा रहेको स्पष्ट गरेको छ ।

चिनियाँ र भारतीय सेनाबीच भएको भीडन्तमा २० जना भारतीय सेनाको मृत्यु भएको थियो। लद्दाख क्षेत्रको सीमारेखालाई लिएर भएको द्विपक्षीय सम्झौतालाई दुबै पक्षले सम्मान गरेको अवस्थामा यस्तो दुर्घटना नहुने भारतीय पक्षको भनाइ छ। एजेन्सी

# राजदेबी युवा समाजद्वारा सरसफाई तथा बृक्षारोपन



**राजविराज**/लकडाउनको सदुपयोग गर्दै राजदेबी युवा समाजले राजविराजस्थित राजदेबी मन्दिरमा सरसफाई तथा बृक्षारोपन गरेको छ।

शनिवार राजबिराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादबको उपस्थितिमा मन्दिरको हाता भित्र राजदेबीका युवाहरूले सरसफाई गरेका हुन।

लकडाउनको समयलाई सदुपयोग गर्दै वडाका संगठित युवाहरूले समाजिक गतिबिधिलाई निरन्तरता दिदै मन्दिरको सरसफाई तथा बृक्षारोपन गरेको युवा समाजका सचिव ध्रुव कुमार देबले जानकारी दिएका छन।

राजबिराज २ को समाजिक, वतावारण, बिकासिय गतिबिधिलाई बढाउन तथा स्थानिय निकायवाट हुने बिकायिय कामको निगरानीको लागि गठित युवा समाजले समाजिक कार्यलाई निरन्तरता दिने युवा समाज अध्यक्ष सुजित मण्डलले बताए।

सो अवसरमा राजबिराज नगरप्रमुख शम्भु प्रसाद यादब, राजबिराज २ का वडा सदस्य रियाउद्दिन खाँ, वडा १ का सदस्य खेलान्नद यादब, युवा समाजका सल्लाहाकार आयुष श्रेष्ठ, चन्दनकुमार यादब लगायत युवाहरूको सहभागिता मन्दिर हाता भित्र सरसफाई तथा बृक्षारोपन गरेका थिए।

# जनमत पार्टी सप्तरीको इन्चार्ज परिवर्तन

**राजविराज**/जनमत पार्टीको सप्तरी इन्चार्ज परिवर्तन भएको छ। पार्टीको शनिबार राजविराजस्थित महेन्द्र बिनदेश्वरी क्याम्पसको छात्रावास प्राङ्गणमा सम्पन्न परिचयात्मक तथा संगठन सुदृढिकरण कार्यक्रममा इन्चार्ज परिवर्तनको घोषणा भएको हो।

सो कार्यक्रममा पूर्व जिल्ला इन्चार्ज मधेशीले नयाँ जिल्ला इन्चार्ज सूर्यदेव यादवलाई पदभार हस्तान्तरण गरेका थिए।

पार्टीका सप्तरी संयोजक चन्देश्वर मण्डलको अध्यक्षता तथा केन्द्रिय सदस्य एवं पूर्व जिल्ला इनचार्ज सुरेन्द्र मधेशीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पार्टीको केन्द्रिय प्रतिवेदन समेत सार्वजनिक गरेको थियो।

पार्टी संगठनलाई मजबुत र चुस्तदुरुस्त बनाउँदै लैजाने वक्ताहरुले धारणा राख्दै कार्यक्रममा विदेश विभाग प्रमुख सरेन्द्र नारायण यादव, विद्यार्थी जनमत संघका अध्यक्ष सन्तोष मण्डल, यूवा जनमत संघका जिल्ला संयोजक मनोज यादव, महिला जनमत संघका अध्यक्ष सुशिला यादवलगायतले पार्टीको भावी साँगठनिक रणनीति, गतिविधि र सुदृढिकरण बारे मन्तव्य राखेका थिए। त्यस्तै १८ वटै स्थानिय तहका सम्पूर्ण संयोजकहरुले स्थानिय तहहरुमा भइरहेको गतिविधी बारे जानकारी दिएका थिए।

## क्वारेन्टाइनबाट ...

आफन्त कहाँ खोजि गरिए पनि फेला नपरेको जनाउँदै खोजतलास जारि रहेको बताए।

यसअघि सोही क्वारेन्टाइनबाट गत मंगलबार पिसिआर रिपोर्ट नआउँदै राजविराज १ निवासी ३२ वर्षिय यूवक भागेका थिइ। उनलाई पछि कोरोना पोजेटिभ भएको रिपोर्ट आएपछि प्रहरीले घरबाटै नियन्त्रणमा लिई आइसोलेशनमा पठाएको थियो।

यस्तै बैशाख १९ गते पनि डाक्नेश्वरी नगरपालिकास्थित विद्यालयको क्वारेन्टाइनबाट एक १९ वर्षिय यूवा भागेर घर पुगेका थिए। त्यसको भोली पल्टै छरछिमेकले सम्झाई बुझाई उनलाई पुनः क्वारेन्टाइनमै फिर्ता पठाएको थियो।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले क्वारेन्टाइनमा राखिएका आशंकितहरुको स्वाब संकलन तथा प्रारम्भिक उपचारका लगि स्वास्थ्यकर्मीहरु खटाइएको भन्दै सुरक्षाको जिम्मेवारी प्रहरीको रहेको बताए।








**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिबाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*